नवीकरणीय ऊर्जा प्रविधिहरूद्धारा ऊर्जा उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ, उपकरण, निर्माण सामग्रीहरूको पैठारीका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणालीमार्फत आयात सुविधाको सिफारिसपत्र र अन्य कागजातहरू स्वीकार गर्ने बारे वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सूचना

(प्रकाशन मिति: २०८३/०७/२१)

नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window-NNSW) मार्फत कार्यान्वयनमा ल्याउन भन्सार ऐन, २०८२ को दफा १२३ र भन्सार नियमावली, २०८३ को नियम १२२ मा "नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा आवद्ध निकासी वा पैठारीसँग सम्बन्धित निकायले भन्सार जाँचपाससँग सम्बन्धित आफूले सम्पादन गर्नुपर्ने कार्यको सूचना राष्ट्रिय एकद्वार प्रणालीबाट प्राप्त गरी कार्य सम्पादन गर्ने र सरोकारवाला व्यक्ति वा निकायलाई दिनुपर्ने इजाजतपत्र, अनुमतिपत्र, प्रमाणपत्र, सिफारिस वस्तु जाँच गरेको प्रतिवेदन वा अन्य सूचना त्यस्तो प्रणालीबाट उपलब्ध गराउनु पर्नेछ" भन्ने व्यवस्था रहेको व्यहोरा विदितै छ। सोही नियमावलीको नियम १२२ को उपनियम (३) मा उक्त प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन अर्थ मन्त्रालयका श्रीमान् सचिवज्यूको संयोजकतत्वमा गठित समन्वय समिति (SCC) को मिति २०८३ साउन २८ गतेको निर्णय "NNSW" प्रणाली अर्न्तगत सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका लागि प्रणाली विकास गरिएका तर हालसम्म कार्यान्वयनमा नआएका मोड्यूलहरूलाई सम्बन्धित निकायले सञ्चालनमा ल्याउने निर्णयानुसार अन्तर्राष्ट्रिय व्यापार उक्त भन्सार जाँचपास सँग सम्बन्धित सिफारिसपत्र, अनुमतिपत्र, इजाजतपत्र, प्रमाणपत्र र अन्य (License, Permit, Certificate and Others- LPCO) निवेदनका लागि केन्द्रबाट प्राप्त हुने सिफारिसका लागि एकद्वार प्रणालीको पोर्टल www.nnsw.gov.np बाट मिति २०८३/०८/०७ गतेबाट आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ताहाचल, काठमाडौं, नेपाल। फोन नं. ०१-४५९८०१३ र १४

सहायता कक्षको सम्पर्क ठेगाना

भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं, ०१-५९१७०१०